**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०३ जनवरी २०२६

समयः १८ः५० – १९ः०० बजे

**<u>मुख्य समाचार</u>**

- भगवान बुद्धको ज्ञान र मार्ग अनि उपदेशले साल २०२६ मा विश्वमा शान्ति र समृद्धि ल्याउनेछ – प्रधानमंत्री नरेन्द्र मोदी।
- प्रधानमंत्री नरेन्द्र मोदीले प्रसिद्ध समाज सुधारक सावित्री फूलेलाई जन्मजयन्तीमा नमन गर्नुभएको छ।
- चुनाव आयोगले एसआईआर प्रक्रियामा रद्ध गरिएका ओबीसी प्रमाण पत्र मान्य नगरिने गरयो आदेश।
- गणतंत्र दिवस परेड एनसीसी क्याम्पमा २४०६ कैडेटहरू शामिल।
- भारतीय वन्यजीव न्यासद्वारा सिलगड़ीमा हात्ती र मानव बीचको सह–अस्तित्वलाई सुदृढ़ पार्न गज उत्सव शुरू।
- अमेरिकाले भेनेजुएला माथि हमला गरि राष्ट्रपति मदुरोलाई बन्दी बनाएको छ।

**<u>नयाँ प्रधानमन्त्री - पिपरहवा अवशेषहरू-1</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भगवान बुद्धले देखाएको मार्ग र ज्ञान सम्पूर्ण मानवताको लागि हो र उहाँका पवित्र अवशेषहरू केवल कलाकृतिहरू मात्र नभई देशको सम्मानित सम्पदाको अभिन्न अंग भएको बताउनु भयो। उहाँले भन्नु भयो - यी अवशेषहरू देशको सभ्यताको अभिन्न अंग हुन्। उहाँले भन्नु भयो भगवान बुद्धको आशिर्वादले साल 2026 ले विश्वमा शान्ति र समृद्धी ल्याउने छ।

...........बाइट पीएम -आशिर्वाद...........

श्री मोदीले आज नयाँ दिल्लीको राय पिथौरा सांस्कृतिक परिसरमा भगवान बुद्धसँग सम्बन्धित पिपरहवाका पवित्र अवशेषहरूको भव्य अन्तर्राष्ट्रिय प्रदर्शनीको उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले भन्नु भयो कि भगवान बुद्धको साझा विरासतले हाम्रो जुड़ाव गहिरो छ।

.......बाइट मोदी विरासत........

उहाँले "प्रकाश र कमल: प्रबुद्ध व्यक्तिको अवशेष" शीर्षक रहेको प्रदर्शनीको सूचीपत्र पनि अनावरण गर्नु भयो। उहाँले भन्नु भयो भगवान बुद्धका अवशेषहरू जुन देशमा पनि गए त्याहाँ श्रद्धाका ज्वार उठेर आयो।

.......बाइट मोदी - अवशेष.....

प्रधानमन्त्रीले लामो समयको प्रतीक्षापछि देशको सम्पदा फिर्ता भएको बताउनुयो। उहाँले भन्नु भयो - आजदेखि देशका मानिसहरूले भगवान बुद्धका यी पवित्र अवशेषहरूको दर्शन र भ्रमण गर्न र उनीहरूको दिव्य आशीर्वाद प्राप्त गर्न सक्षम हुनेछन्। श्री मोदीले जोर दिन्दै भन्नु भयो - भारत भगवान बुद्धका पवित्र अवशेषहरूको संरक्षक मात्र होइन तर त्यो शाश्वत परम्पराको जीवित वाहक पनि हो। उहाँले भगवान बुद्धका पवित्र स्थलहरूको विकास उहाँको सरकारको प्रथमिकता रहेको पनि भन्नु भयो।

........बाइट बुद्ध सरकिट.........

बौद्ध सम्पदाको बारेमा, प्रधानमन्त्रीले भन्नु भयो - भारतले विश्वभरीका बौद्ध सम्पदा स्थलहरूको विकासमा योगदान पुऱ्याउन निरन्तर प्रयास गरिरहेको छ। उहाँले भन्नु भयो - बौद्ध स्थलहरूलाई आधुनिकीकरण गरिँदैछ र तीर्थयात्रीहरूका लागि नयाँ सुविधाहरू निर्माण गरिँदैछ। श्री मोदीले भन्नुभयो - भगवान बुद्धका शिक्षाहरू मूल रूपमा पाली भाषामा लेखिएका थिए। श्री मोदीले

भन्नुभयो कि उहाँको सरकारको प्रयास छ पालीलाई व्यापक श्रोताहरूको लागि पहुँचयोग्य बनाउनु। उहाँले अझ भन्नु भयो - पालीलाई शास्त्रीय भाषाको दर्जा दिइएको छ। १८९८ मा फेला परेका पिपरहवा अवशेषहरूले प्रारम्भिक बौद्ध धर्मको पुरातात्विक अध्ययनमा महत्त्वपूर्ण स्थान राख्छन्।

**नयाँ प्रधानमन्त्री - पिप्रह्वा अवशेषहरू-2**

तिनीहरू भगवान बुद्धसँग प्रत्यक्ष रूपमा सम्बन्धित सबैभन्दा प्राचीन र ऐतिहासिक रूपमा महत्त्वपूर्ण अवशेषहरू मध्ये एक हुन्।
पुरातात्विक प्रमाणहरूले पिपरहवा स्थललाई प्राचीन कपिलवस्तुसँग जोड्दछ, जहाँ तपस्याका लागि अपनाउन भन्दा अघि भगवान बुद्धले आफ्नो प्रारम्भिक जीवन बिताउनु भएको थियो। पिपरहवा अवशेषहरू एक शताब्दी भन्दा बढी समय पछि भारत फिर्ता गरिएको हो। पिपरहवा अवशेषका केही भागहरू नयाँ दिल्लीको राष्ट्रिय संग्रहालय र कोलकाताको भारतीय संग्रहालयमा संरक्षित गरिएको थियो। यी अवशेषहरू यस प्रदर्शनीमा प्रदर्शनका लागि राखिएका छन्।

केन्द्रीय संस्कृति मन्त्री गजेन्द्र सिंह शेखावतले भन्नु भयो - यो ऐतिहासिक अवसरले १२७ वर्ष पछि भगवान बुद्धको पिपरहवा रत्न अवशेषहरूको फिर्तालाई दर्शाउँद्छ। उहाँले भन्नु भयो - यो सम्पूर्ण राष्ट्रको लागि प्रेरणा र गौरवको कुरा हो। श्री शेखावतले आफ्नो मन्त्रालयले देशको सम्पदाको संरक्षण गर्दै विकासको प्रधानमन्त्रीको दृष्टिकोण अनुरूप काम गरिरहेको बताउनु भयो।

श्री शेखावतले आफ्नो मन्त्रालयले देशको पुरातात्विक र सांस्कृतिक सम्पदाको संरक्षण, पाण्डुलिपिहरूको डिजिटलाइजेशन र देशको सांस्कृतिक परम्परालाई सुदृढ पार्ने दिशामा काम गरिरहेको बताउनु भयो।
यो प्रदर्शनीले भगवान बुद्धका शिक्षाहरूसँग भारतको गहिरो र निरन्तर सभ्यताको सम्बन्धलाई उजागर गर्दछ र भारतको समृद्ध आध्यात्मिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रधानमन्त्रीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। यी अवशेषहरूको हालै फिर्ता सरकारको निरन्तर प्रयास, संस्थागत सहकार्य र नवीन सार्वजनिक-निजी साझेदारी मार्फत सम्भव भएको हो।

**प्रधानमन्त्री - सावित्रीबाई फुले**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज महान समाज सुधारक सावित्रीबाई फुलेलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले भन्नुभयो - सावित्रीबाई फुलेको जीवन, सेवा र शिक्षा मार्फत समाजलाई रूपान्तरण गर्नुमा समर्पित थियो। श्री मोदीले अझ भन्नु भएको छ कि सावित्रीबाई फुले समानता, न्याय र करुणाका सिद्धान्तहरूमा समर्पित थिइन्। मोदीले यो पनि भन्नु भएको छ कि सावित्रीबाई फुलेले शिक्षालाई सामाजिक परिवर्तनको लागि सबैभन्दा शक्तिशाली उपकरण मानथिन।

उपराष्ट्रपति-प्रधानमन्त्री रानी भेलु नाचियार

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज भारतकी पहिलो महिला स्वतन्त्रता सेनानी वीरमंगाई रानी भेलु नाचियारलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री राधाकृष्णनले लेख्नु भेको छ - वीरमंगाई रानी भेलु नाचियार एक साहसी शासक र दूरदर्शी नेता थिइन् जसले ब्रिटिस औपनिवेशिक प्रभुत्वको विरुद्ध दृढतापूर्वक खड़ा भेकी थिन अनि वीरता, रणनीतिक कुशलता र असाधारण नेतृत्वको उदाहरण दिनु भएको थियो। श्री राधाकृष्णनले भन्नुभयो कि उहाँको अमर विरासतले आउने पुस्ताहरू, विशेष गरी महिलाहरूलाई प्रेरणा दिनेछ र साहस, मर्यादा र देशभक्तिको भावनालाई बलियो बनाउनेछ।यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भएको छ - रानी भेलु नाचियारले औपनिवेशिक उत्पीडनको विरुद्धमा आवाज उठाएकी थिन र भारतीयहरूको स्वशासनको अधिकारलाई महत्व दिएकी थिन। श्री मोदीले थप भन्नु भयो - सुशासन र सांस्कृतिक गौरवप्रति रानी भेलुको प्रतिबद्धता पनि प्रशंसनीय छ। प्रधानमन्त्रीले भन्नुभयो- रानी भेलु नाचियारको बलिदान र दूरदर्शी नेतृत्वले आउने पुस्ताहरूलाई प्रेरणा दिइरहनेछ।

## निर्वाचन आयोग-पश्चिम बंगाल मतदाता

निर्वाचन आयोगले पश्चिम बंगालको अन्तिम मतदाता सूचीमा तीन आदिम जनजातिको नाम समावेश गर्ने निर्णय गरेको छ। यी तीन समुदायका मतदाताहरूलाई कुनै पनि कागजात उपलब्ध गराउन आवश्यक पर्ने छैन।

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी स्रोतका अनुसार, यी जनजातिहरू बिरहोर, टोटो र साबर हुन्। आयोगको निर्देशन पालना गर्दै, जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीहरूले खंड विकास अधिकारीहरूलाई आ-आफ्नो क्षेत्रका यी तीन जनजातिका मतदाताहरूको विवरण उपलब्ध गराउन आदेश दिएको छ।

## निर्वाचन आयोगले पश्चिम बंगाल

निर्वाचन आयोगले पश्चिम बंगालका सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूलाई मतदाता सूचीमा नक्कली वा अनुपस्थित मतदाताहरूको नाम अवैध रूपमा समावेश गरेको आरोपमा पाँच निलम्बित राज्य अधिकारीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको छ। राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतका अनुसार, बरुई-पुर पूर्व विधानसभा क्षेत्रका मतदाता पंजीकरण अधिकारी देबोट्टम दत्त चौधरी, सहायक मतदाता दर्ता अधिकारी तथागत मण्डल, मोयना विधानसभा क्षेत्रका मतदाता पंजीकरण अधिकारी विप्लव सरकार, सहायक मतदाता दर्ता अधिकारी सुदिप्त दास र डाटा एन्ट्री अपरेटर सुरजित हल्दर विरुद्ध  आपराधिक मामिला दर्ता गर्ने निर्देशन दिइएको छ।

मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) को गणना चरणको क्रममा मतदाता सूचीमा नक्कली नाम थपेको आरोप यी अधिकारीहरूमाथि लागेको थियो। निर्वाचन आयोगले पहिले नै उनीहरूलाई निलम्बन गर्न आदेश दिएको थियो र राज्यका मुख्य सचिवलाई उनीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको थियो। यद्यपि, निलम्बन पछि पनि, राज्य सरकारले कुनै पनि एफआईआर दर्ता गरेको थिएन। निर्वाचन आयोगले अब स्वतः संज्ञान लिएको छ र जिल्ला मजिस्ट्रेटहरूलाई अधिकारीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको छ।

## एनसीसी - गणतन्त्र दिवस शिविर

एनसीसी क्याडेट गणतन्त्र दिवस शिविर २०२६ मा देशभरीबाट कुल २,४०६ एनसीसी क्याडेटहरू भाग लिरहेका छन्, जसमा ८९८ केटीहरू पनि समेल छन्। गत वर्षको तुलनामा सबै राज्यहरूमा बालिका क्याडेटहरूको संख्या बढेको छ। आज नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एनसीसी लेफ्टिनेन्ट जनरल वीरेन्द्र वत्सले जम्मू कश्मीर र लद्दाखबाट १२७ र पूर्वोत्तर क्षेत्रबाट १३१ क्याडेटहरू भाग लिरहेको बताउनु भयो। उहाँले भन्नु भयो युवा आदानप्रदान कार्यक्रम अन्तर्गत २५ मित्र राष्ट्रका क्याडेट र अधिकारीहरूले पनि समारोहमा भाग लिरहेका छन्। गणतन्त्र दिवस परेडको क्रममा, क्याडेटहरूले फायरिङ र मार्चिङ स्क्वाड सहित विभिन्न गतिविधिहरूमा भाग लिनेछन्, जुन जनवरी २८ मा प्रधानमन्त्रीको ऱ्यालीसँगै समाप्त हुनेछ। लेफ्टिनेन्ट जनरल वीरेन्द्र वत्सले एनसीसी क्याडेटहरूको संख्या १७ लाखबाट बढेर २० लाख पुगेको बताए, जसमध्ये ४० प्रतिशत बालिका क्याडेटहरू छन्। उहाँले अपरेशन सिन्दूरमा ७५ हजार क्याडेटहरूले भाग लिएको र यस अवधिमा क्याडेटहरूलाई नागरिक प्रशासनलाई सहयोग गर्न र स्वैच्छिक रक्तदान सहित चिकित्सा सहायता प्रदान गर्न तैनाथ गरिएको पनि जानकारी दिए।

## "गज उत्सव" सिलगढ़ी

हात्ती र मानव बीचको सह-अस्तित्वलाई सुदृढ पार्ने उद्देश्यले भारतीय वन्यजन्तु ट्रस्ट (डब्ल्यूटीआई) ले आज सिलगढ़ीमा "गज उत्सव" शुरु गर्यो-। यसअघि, यो जागरूकता र संरक्षण अभियान तमिलनाडु, केरला, मेघालय, ओडिशा र उत्तराखण्ड जस्ता राज्यहरूमा सफलतापूर्वक आयोजना गरिएको छ।

पश्चिम बंगालमा "गज उत्सव" उत्तर बंगाल विश्वविद्यालयको रवीन्द्र भानु मंचमा आयोजित एक कार्यक्रम मार्फत शुरू भयो। मुख्य वन संरक्षक (सीसीएफ) बाला मुरुगन, भारतीय वन्यजन्तु ट्रस्टका उपाध्यक्ष डा. सन्दीप कुमार तिवारी, कटिहार डिभिजनका एडीआरएम अजय सिंह र अन्य धेरै प्रतिष्ठित व्यक्तिहरू यस अवसरमा उपस्थित थिए।

कार्यक्रममा वन विभाग, रेलवे र विश्वविद्यालयका विभिन्न विभागहरूको सक्रिय सहभागिता देखियो। आयोजकका अनुसार, गज उत्सवको प्रमुख उद्देश्य मानव-हात्ती समन्वयलाई बढ़ावा दिनु र सबै सम्बन्धित संस्थाहरू र समुदायहरूलाई संलग्न गराएर संरक्षण प्रयासहरूलाई अगाड़ी बढ़ाउनु हो।

डब्ल्यूटीआईले स्पष्ट पारेको छ कि यस अभियानको मुख्य लक्ष्य वनको संरक्षण गर्नका साथै हात्ती र मानव दुवैको जीवनको रक्षा गर्नु हो। मुख्य वन संरक्षक बाला मुरुगनले भन्नुभयो, गज उत्सव सरकार वा वन विभागको प्रयासबाट मात्र सफल हुन सक्दैन; यसका लागि समाजका सबै वर्गको सहभागिता आवश्यक छ।

**मुख्यमन्त्री/ सुचित्रा मित्र**

रवीन्द्र संगीतकी प्रसिद्ध र प्रतिष्ठित कलाकार सुचित्रा मित्रको पुण्यतिथिमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।आज मुख्यमन्त्रीले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एउटा पोस्ट शेयर गर्नुहुदै सुचित्रा मित्रप्रति आफ्नो श्रद्धा व्यक्त गर्नुभयो।

मुख्यमन्त्रीले आफ्नु सन्देशमा रवीन्द्र संगीतलाई जन–जनसम्म पुऱ्याउन सुचित्रा मित्रको योगदान अविस्मरणीय रहेको र उहाँको संगीत आज पनि मानिसहरूको मनमा जीवित  रहेको बताउनुभएको छ।